पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

# आन्तरिक लेखापरिक्षण प्रतिवेदन

## पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय

## दोस्रो त्रैमासिक प्रतिवेदन

आ.व २०८१/८२

कात्तिक देखि पौष मसान्त सम्म

"शिक्षा स्वास्थ्य र पुर्वाधार समृद्ध पुतलिबजारको आधार"

**पुतलीबजार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

प्रगतिनगर, स्याङ्जा

स्था : २०७३

गण्डकी प्रदेश , नेपाल

प.स:

च.न १८०८

मितिः २०८१/११/०६

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पुतलीबजार नगर कार्यपालिकाको कार्यालय
प्रगतीनगर-१, स्याङजा ।

विषयः दोस्रो त्रैमासिक प्रतिवेदन ।

प्रस्तुत विषयमा पुतलीबजार नगरपालिकाको आ.व २०८१/८२ को विनियोजन/ राजश्व/ धरौटी/तथा अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण सम्वन्धी दोस्रो त्रैमासिकको कार्य सम्पन्न गरी प्रतिवेदन यसैसाथ पेश गरेको व्यहोरा जानकारी गराउँदछु ।

.......................

नेत्र नारायण अधिकारी
आन्तरिक लेखापरीक्षक

**बोधार्थः**

श्रीमान नगरप्रमुख ज्यू, ।
श्री आर्थिक प्रशासन शाखा, पुतलीबजार नगरपालिका ।
श्री लेखा समिति, पुतलीबजार नगरपालिका ।
श्री नेपाल शहरी शासकीय तथा पुर्वाधार आयोजना।

श्री सूचना शाखा, पुतलीबजार नगरपालिका ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

# आन्तरिक लेखापरिक्षण प्रतिवेदन

**कार्यालयको नामः** पुतलीबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ।

**कार्यालय स्थापनाको उद्देश्यः** सार्वजानिक सेवा प्रवाह ।

**लेखापरिक्षण गरिएको अवधीः** २०८१ कात्तिक १ देखि पौष मसान्तसम्म ।

**कार्यालयको काम कारबाहीसँग सम्वन्धीत नितिगत एंव कानूनी व्यवस्थाः** नगर राजपत्रमा प्रकाशित ऐन, नियमावली, कार्यविधि र निर्देशिका एंव अन्य कानुनी व्यवस्थाहरु ।

**आर्थिक वर्षका जिम्मेवारी कर्मचारी र कार्यरत अवधीः**

| क.स. | कार्यालय प्रमुख | | आर्थिक प्रशासन प्रमुख | |
|---|---|---|---|---|
| | नाम र पद | कार्यरत अवधी | नाम र पद | कार्यरत अवधी |
| १. | चिरञ्जीवी पौडेल | २०८१/०४/०१ देखि २०८१ असोज २३ सम्म । | लक्ष्मी कोइराला | २०८१/०४/०१ देखि हालसम्म । |
| २. | धर्मराज ढुङ्गाना | २०८१/०६/२१ देखि हालसम्म । | | |

आ. शाखा प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

आर्थिक कारोवारको अवस्थाः कार्यालयको आर्थिक कारोवारको अवस्था देहाय बमोजिम रहेको छ ।

**बिनियोजन /राजश्व / कार्यसंचालन कोष लगायत अन्य कोषहरुः**

| क.सं. | बजेटको स्रोत/तह | स्रोत | विधि | आय अनुमान | बजेट | | | निकासा | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| १ | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १३,८८,००,०००.०० | 0.00 | १३,८८,००,०००.०० | १३,८८,००,०००.०० | 0.00 | ३,००,००,०००.०० | ३,००,००,०००.०० | 0.00 | ८६,३४,७२७.०० | ८६,३४,७२७.०० |
| २ | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ३५,५९,४०,५००.०० | ३५,५९,४०,५००.०० | 0.00 | ३५,५९,४०,५००.०० | ११,७४,६०,३६५.०० | 0.00 | ११,७४,६०,३६५.०० | ५,०८,२२,५१३.९४ | 0.00 | ५,०८,२२,५१३.९ |
| ३ | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ५१,००,०००.०० | ५१,००,०००.०० | 0.00 | ५१,००,०००.०० | 0.00 | 0.00 | 0.00 | १,९८,४२०.०० | 0.00 | १,९८,४२०.०० |
| ४ | नेपाल सरकार => एस.इ.एस.पी. | शसर्त अनुदान चालु | सोधभर्ना अनुदान (बैदेशिक) | ७०,००,०००.०० | ७०,००,०००.०० | 0.00 | ७०,००,०००.०० | २३,१०,०००.०० | 0.00 | २३,१०,०००.०० | १५,४०,८२३.०० | 0.00 | १५,४०,८२३.०० |

आ.ले.प. शाखा प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नेपाल सरकार => एस.इ.एस.पी | शसर्त अनुदान चालु | सोधभर्ना हुने ऋण (बैदेशिक) | ९३,००,०००.०० | ९३,००,०००.० | ०.०० | ९३,००,०००.०० | ३०,६९,०००.० | ०.०० | ३०,६९,०००.०० | २५,१९,३२३.०० | ०.०० | २५,१९,३२३.०० |
| ६ | नेपाल सरकार => युरोपियन युनियन | शसर्त अनुदान चालु | नगद अनुदान (बैदेशिक) | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ७ | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २८,०००.०० | ०.०० | २८,०००.०० | २८,०००.०० | ०.०० | ९,२४०.०० | ९,२४०.०० | ०.०० | ५,२००.०० | ५,२००.०० |
| ८ | नेपाल सरकार => आन्तरिक ऋण | शसर्त अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ३,६७,००,०००.०० | ०.०० | ३,६७,००,०००.०० | ३,६७,००,०००.०० | ०.०० | १,२१,११,०००.०० | १,२१,११,०००.०० | ०.०० | ६,९३,०५०.०० | ६,९३,०५०.०० |
| ९ | नेपाल सरकार => आई डि ए | शसर्त अनुदान पुँजीगत | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४५,५३,००,०००.०० | ०.०० | ४५,५३,००,०००.०० | ४५,५३,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३,९८,७६,०६८.१८ | ३,९८,७६,०६८.१ |

आ.ले.प. शाखा प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | नेपाल सरकार => आन्तरिक ऋण | विषेश अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ९०,००,०००.०० | ०.०० | ९०,००,०००.०० | ९०,००,०००.०० | ०.०० | ६४,७४,९००.०० | ६४,७४,९००.०० | ०.०० | ६४,७४,९००.०० | ६४,७४,९००.०० |
| ११ | नेपाल सरकार => आन्तरिक ऋण | समपुरक अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | २,८०,००,०००.०० | ०.०० | २,८०,००,०००.०० | २,८०,००,०००.०० | ०.०० | ७९,९१,०६६.०० | ७९,९१,०६६.०० | ०.०० | २१,३६,४०८.०० | २१,३६,४०८.०० |
| १२ | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,९२,२१,०००.०० | ०.०० | १,९२,२१,०००.०० | १,९२,२१,०००.०० | ०.०० | ४०,००,०००.०० | ४०,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| १३ | गण्डकी प्रदेश | विषेश अनुदान पुँजीगत | नगद अनुदान | ४०,००,०००.०० | ०.०० | ४०,००,०००.०० | ४०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४ | गण्डकी प्रदेश | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | ६०,००,०००.०० | ०.०० | ६०,००,०००.०० | ६०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १५ | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १,५९,३९,०००.०० | १,३४,९९,५००.०० | २४,३९,५००.०० | १,५९,३९,०००.०० | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० | १६,६०,७४०.०० | ०.०० | १६,६०,७४०.०० |
| १६ | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १,९९,५०,०००.०० | १,९५,५०,०००.०० | ४,००,०००.०० | १,९९,५०,०००.०० | ४९,००,०००.०० | ०.०० | ४९,००,०००.०० | ४२,२०,६६५.०० | ०.०० | ४२,२०,६६५.०० |

आ.ले.प. शाखा

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १२,४३,११,२६३.०० | १०,४७,६१,४१५.७६ | १,९५,४९,८४७.२४ | १२,४३,११,२६३.०० | २,२०,००,०००.०० | 0.00 | २,२०,००,०००.०० | १,६६,९९,४४३.६८ | ८,०८,७७०.०० | १,७५,०८,२१३.[illegible] |
| १८ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ११,११,६६,६५२.७६ | ८,०९,१४,०००.०० | ३,०२,५२,६५२.७६ | ११,११,६६,६५२.७६ | १,५०,००,०००.०० | 0.00 | १,५०,००,०००.०० | १,३९,५२,१५८.८० | 0.00 | १,३९,५२,१५८.[illegible] |
| जम्मा | | | | १,३४,६०,५६,४१५.७६ | ५९,६३,६५,४१५.७६ | ७४,९६,९१,०००.०० | १,३४,६०,५६,४१५.७६ | १६,७७,३९,३६५.०० | ६,०५,८६,२०६.०० | २२,८३,२५,५७१.०० | ९,१६,१४,०८७.४२ | ५,८६,२९,१२३.१८ | १५,०२,४३,२१०० |

## धरौटीको विवरण:

| गत आ.ब./त्रैमासिक सम्मको धरौटी मौज्दात | यस अवधीको प्राप्त | जम्मा प्राप्ती | यस अवधीको खर्च | | | | स्रेस्ता अनुसारको बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | | कात्तिक | मंसिर | पौष | जम्मा | |
| १७८८५३७३.२५ | ३१२२८०९ | २१००८१८२.२५ | ५५२८९२ | ४३५५०० | ० | ९८८३९२ | २००१९७९०.२५ |

आ.ले.प. शाखा प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

कार्यसंचालन कोष लगायत अन्य कोषहरुः

| वडा विकास कार्यक्रमतर्फ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | महिना | लगानी | सावाँ असुली | व्याज असुली | जम्मा | कैफियत |
| १ | कात्तिक | ० | ११,५४,५४६ | ७२,७२५ | १२,२७,२७१ | |
| २ | मंसिर | ० | ११,५६,४९३ | १,३१,९०० | १२,८८,३९३ | |
| ३ | पौष | ० | १७,९६,३४७ | ९८,१०० | १८,९४,४४७ | |
| जम्मा | | | ४१,०७,३८६ | ३,०२,७२५ | ४४,१०,१११ | |

आ.ले.प. शाखा प्रमुख

# पुतलीबजार नगरपालिका अन्तर्गतको स्वामित्वमा रहेका संरचनाहरु प्रयोगबापत असोज मसान्तसम्मको राजश्व विवरण

| क्र.स. | नाम | ठेगाना | सटर नं. | सम्झौता/नविकरण मिति | मासिक भाडा रु. | प्राप्त भाडा रु. | जरिवाना रु. | जम्मा | रसिद नं. | सटर संख्या | बाँकी भाडा रु. | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | खाली सटरहरु | | १,२,७,८,९,१०,११,४,१२ | | | | | | | | | | प्रयोगमा ल्याउनुपर्ने |
| २ | नाजुमा निसा | पु.ब.न.पा-३ | ३ | २०७८ साउन १ देखि २०८२ असार मसान्त सम्म | ३,७३० | | | | | | ११,१९० | ९८४६०४५५८९ | साउन देखि मसान्त सम्म भाडा रु.२२३८० जरिवाना प्रति महिना १.५ ले असुली गर्नु |
| ३ | श्री भरत खत्री | सुलिकोट-६, गोरखा | ५ | २०८०/०४/०१ देखि २०८२ असार मसान्त सम्म | ३,७३० | ३३,६५० | - | ३३,६५० | ११५९ | २ | - | ९८४६८२०५७७ | मंसिर मसान्त सम्मको भुक्तानी भएको । |
| | | | ६ | | ३,००० | | | | | | | | |
| ४ | श्री सुदन थापा | पु.ब.न.पा-१ | १५ देखी २० सम्म (छ वटा सटरहरु) | २०८०/०४/०१ देखि २०८२ असार मसान्त सम्म | ३,००० (प्रत्येकको मासिक ३ हजारका दरले) | ० | | ० | - | १ | १०८००० | ९८०८२०२०६४ | असोज मसान्त सम्मको रु. १०८००० जरिवाना प्रतिमहिना १.५% का दर असुल गर्नुपर्ने |
| ५ | लक्ष्मी गिरी | पु.ब.न.पा-१४ | हस्पिटलचोक १/२ | २०८१/०४/०१ देखि २०८२ | ९,४०० | २८२०० | - | २८,२०० | ७८२ | १ | ० | ९८४६४४६२९९ | असोज सम्मको भुक्तानी भएको |

आ.ले.प. शाखा

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | असार मसान्त सम्म | | | | | | | | | |
| ६ | केशव राज शर्मा | आँधिखोला गा.पा.-६ | खालि जग्गा कामि डाँडा स्थित कित्ता नं.६८७ | २०८०/०४/०१ देखि २०८२ असार मसान्त सम्म | ३,६६५ | २१,५५१ | - | २१,५५१ | १०२५/७११ | १ | - | ९८४६४७७६१२ | मंसिर सम्मको भुक्तानी भएको |
| ७ | लव विक्रम शाह | पु.ब.न.पा-५ | क्यान्टिन | २०८१/०७/०१ | १२,००० | ३६,००० | - | ३६,००० | ८१५ | १ | - | ९८६६०६३४६७ | माघ मसान्त सम्मको रु ४८००० जरिवाना प्रतिमहिना १.५% का द असुल गर्नुप |
| ८ | सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. | पु.ब.न.पा-३ | भवन | २०७९ साउन १ देखि २०८१ पौष मसान्तसम्म | ११,०४० | ५५,२०० | - | ५५,२०० | ७३६/१२४८ | १ | - | ९८५६०५०९३० | पौष सम्मक भुक्तानी |
| ९ | श्याम कुमार श्रेष्ठ | पु.ब.न.पा-१ | जग्गा भाडा | २०७६/०६/१६ | ८,००० | ३२,००० | - | ३२,००० | ९१६ | १ | - | ९८१४१३४१५६ | कात्तिक मसा सम्मको भुक्त भएको |

आ.ले.प. शाखा प्रमुख

पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको कार्यालय र सम्पुर्ण वडा कार्यालयहरुबाट संकलन भएको राजश्वको मासिक विवरणः-

| नगरपालिका र वडा कार्यालयहरु | महिना | | |
|---|---|---|---|
| | कात्तिक | मंसिर | पौष |
| पुतलीबजार नगरपालिकाको कार्यालय | ७८,४७,३१७.३४ | १४,८०,९७८.४९ | २६,४१,२५२.९६ |
| वडा नं. १ | २,५६,१२०.५० | २,४६,०३७ | ४,७९,५८० |
| वडा नं. २ | ४५,८४० | ८२,१४४ | ८८,५२०.५० |
| वडा नं. ३ | १,६९,२१०.५० | २,५०,२०९ | ४,७४,८०१.७१ |
| वडा नं. ४ | ३२,३०८ | ७९,०७७.५० | २,७८,००५ |
| वडा नं. ५ | ८२,११० | ६८,५०३ | १,०७,९२० |
| वडा नं. ६ | २२,१५० | ५६,४६२.५० | ९५,८१७.८० |
| वडा नं. ७ | ७३,३६१ | ९१,६७८ | ५७,६४५.५० |
| वडा नं. ८ | ७६,९४९ | ६०,४६७.५० | ५३,०७५ |
| वडा नं. ९ | ४९,८७४.५० | ६३,१८३.५० | ५३,९८५.५० |
| वडा नं. १० | ८९,७२३ | ९८,२२३ | १,१९,०६५ |
| वडा नं. ११ | १,५०,५२९ | ९६,९७९.५० | १,६२,१४०.५० |
| वडा नं. १२ | ५२,०१० | ६५,४८० | ८६,१०० |
| वडा नं. १३ | २,३४,६४३ | १,८६,१४३ | ३,२७,६२३.५० |
| वडा नं. १४ | १,२९,७२१ | १,८९,४९५.५० | ३,१६,०८६.१० |
| जम्मा | ९३,११,८७४.८४ | १,११,१५,०६१.४९ | ५३,४१,६१९.०७ |

आ.नी.प्र. शाखा प्रमुख

## लेखापरिक्षणबाट देखिएका कैफियत तथा बेरुजूको विवरणः

| मिति | गो.भौ.नं. | लेखापरिक्षणको व्यहोरा | कैफियत |
|---|---|---|---|
| २०८१/०८/०५ | ४६ | **किटजन्य रोगः** डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने, विद्यालय शिक्षा कार्यक्रम, अभियान संचालन गर्ने तथा सरोकारवालाहरूसंग अभिमुखिकरण गर्ने र किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन कार्यक्रम अन्तर्गत पुतलीबजार नगरपालिका र पालिका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यक्रम संचालन गर्दा नगरपालिकामा कार्यक्रम गराई स्वास्थ्यकर्मीहरुलाई डेंगु सम्वन्धी अभिमुखिकरण गराएर टोल वा विद्यालयहरुमा अभिमुखिकरण कार्यक्रम गर्दा प्रभावकारी देखिनेमा पालिकाले अभिमुखिकरण विना टोल टोलमा कार्यक्रम संचालन गरी अन्तिममा पालिकामा स्वास्थ्यकर्मीलाई तालिम दिएको प्रभावकारी देखिएन । यस्ता कार्यक्रममा पालिकाले कार्यक्रम संचालनपुर्व ध्यान दिनुपर्छ। | आन्तरिक प्रशिक्षणका लागी खटिनुभएका प्रशिक्षकहरुको सेसनको कार्यविवरण सहित आन्तरिक प्रशिक्षण गर्नुभएका स्वास्थ्य चौकी प्रमुखहरुको प्रशिक्षक भत्ता लिनुभएकोमा कार्यपत्र सहितका कागजात पेश गर्नुपर्ने । |
| २०८१/०९/०९ | ७५ | **पोषण कार्यक्रमः** गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित खर्चको मापदण्ड, २०७९ को परिच्छेद २ को (७) बमोजिम सहभागी भत्ताको सम्वन्धमा सहभागिता भत्ता कार्यक्रम गर्नुपुर्व स्विकृत भएको अवस्थामा मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । नगरपालिकाले संघिय सरकार अन्तर्गतको पोषण कार्यक्रमको वार्षिक समिक्षा कार्यक्रम संचालन गर्दा सहभागिता भत्ताको | |

आ.ले.प. शाखा

| | | | |
|---|---|---|---|
| | | सम्वन्धमा पुर्व स्विकृती लिएको देखिदैंन । पालिकाले कार्यक्रम गर्दा पुर्व स्विकृती लिनुपर्ने तर्फ ध्यान दिनुपर्छ । | |
| २०८१/०९/०८ | २९२ | **स्वास्थ्य संस्था संचालन खर्चः** आ.व २०८१/०८२ को लागि नगरपालिकाबाट स्विकृत वार्षिक बजेट कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्था संचालनका लागि विनियोजित रकम रु.५५२०००।- रहेकोमा स्वास्थ्य संस्थाहरुको खातामा एकमुष्ट भुक्तानी दिइएको छ । नगरपालिका अन्तर्गत रहेका सम्पुर्ण स्वास्थ्य चौकी, केन्द्रहरुले कार्यालय संचालनमा भएको खर्चको पुष्टाई गर्ने कागजात पेश गर्नुपर्ने । | |
| २०८१/०७/१४ | ११५ | **मेयर सँग स्वास्थ्य विमा कार्यक्रमः**(पालिका भित्र लोपोन्मुख जातिहरु गाईने, कुमाल, गन्धर्व, वोटे, साथै विपन्न वर्गहरु तथा 'ग' वर्गको अपाङ्गता भएको व्यक्तिहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रम) अन्तर्गत विमा शुल्क वापत लाग्ने खर्चका सम्वन्धमा 'स्वास्थ्य विमा नियमावली' २०७५ बमोजिम सर्वसाधारणका लागी योगदान रकम ५ जना सम्मको परिवारको लागि वार्षिक रु.३५००।- र थप प्रत्येक व्यक्तीका लागि वार्षिक ७००।- रुपैंया हुने व्यवस्था छ । सोही बमोजिम विमा गर्ने परिवारका सदस्यहरुको परिवार संख्या एकिन गर्नुपर्नेमा परिवार संख्या एकिन गर्न सकिएन । रु.६,६५,०००।- | |

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७३

आ.ले.प. शाखा प्रमुख

| | | | |
|---|---|---|---|
| | | **विद्यालयलाई निकासाः(मितिः२०८१/१०/०२ गो.भौ.नं. ८६)** विद्यालयले उपलब्ध गराएको माग फाराम र शिक्षा शाखाले भुक्तानीका लागि पेश गरेको कागजात बमोजिम विद्यालयको कात्तिक, मंसिर र पौष सम्मको खर्चको निकासा पठाइएको छ । राष्टिय किताबखानाले आ.व. २०८१/८२ को तलबी प्रतिवेदन पारित गर्दा श्री शितला माध्यमिक विद्यालयमा कार्यरत शिक्षिका अप्सरा गोदारको किताबखानाबाट स्विकृत भएको तलबी प्रतिवेदनमा ग्रेड संख्या ५ र विद्यालयको माग फाराम बमोजिम छ ग्रेड निकासा दिएकोमा १ ग्रेड बरावरको रकम बढि निकासा भएको देखिन्छ ।<br>उस्तै,<br>विद्यालयले उपलब्ध गराएको माग फाराम र शिक्षा शाखाले भुक्तानीका लागि पेश गरेको कागजात बमोजिम विद्यालयको कात्तिक, मंसिर र पौष सम्मको खर्चको निकासा पठाइएको छ । राष्टिय किताबखानाले आ.व. २०८१/८२ को तलबी प्रतिवेदन पारित गर्दा श्री काजिमान हरिटिका विद्यालयमा कार्यरत शिक्षक कृष्ण प्रसाद पराजुलीको किताबखानाबाट स्विकृत भएको तलबी प्रतिवेदनमा ग्रेड संख्या ७ र विद्यालयको माग फाराम बमोजिम ८ ग्रेड निकासा दिएकोमा १ ग्रेड बरावरको रकम बढि निकासा भएको देखिन्छ ।<br>आ.ले.प. शाखा प्रमुख | |

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

आन्तरिक लेखापरिक्षणको क्रममा देखिएका कमि कमजोरीहरुलाइ सुधार गर्दै लैजानुपर्ने तथा आन्तरिक लेखापरिक्षकबाट औल्याइएका सुझावहरु यस प्रकार छन् ।

| क्र.स. | सुझावहरु |
| --- | --- |
| १. | **स्थानिय तथ्याङक र अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने हुन्छ । नगरपालिकाले स्थानीय तथ्याकं सम्वन्धी निति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथामिकिकरणका क्रियाकलाप संचालनमा तथ्याकंले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ ।तथ्याकं बेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रकिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गर्नुपर्ने देखिन्छ ।पालिकाले आन्तरिक नियन्त्रण प्रणाली बनाएको तर कार्यान्वयनमा नभएको देखिन्छ । यस प्रणाली सम्वन्धी अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>➢ सुशासन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने देखिन्छ ।<br>➢ सार्वजनिक खरिद ऐन २०६३ को दफा (५),(६) एंव सार्वजनिक नियमावली, २०६४ को नियम (३),(८) बमोजिम खरिद कारवाहिको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक स्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल विवरण, परिमाण र क्षेत्रको यकिन गरी वार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्छ । कानुन बमोजिम खरिद प्रकिया पुरा गरी पारदर्शि बनाउनुपर्छ।<br>➢ अधिकांश योजनाका कार्यहरु मध्ये सडक निर्माण कार्य र डि.पि.आर. गरेको योजनाहरुमा मात्र चेनेज नं. उल्लेख गरेको भएपनी अन्य कुलो/नहर निर्माण तथा मर्मत सम्वन्धी योजनाहरुमा चेनेज नं. को उल्लेख भएको पाईदैन । सम्पुर्ण निर्माण कार्यमा यसको उचित कार्यान्वियन गरी अनुगमन कार्यमा द्धिविधा आउन नदिने गरी निर्माण स्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गराउने तर्फ ध्यान दिनुपर्छ ।<br>➢ नगरपालिकाले वर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आईपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्ने र जोखिम पहिचान गरी समाधानको कार्ययोजना तयार गर्नेतर्फ ध्यान दिनुपर्छ ।<br>➢ निर्माण कार्यहरुको लागत अनुमान स्विकृत कार्यसम्पन्न प्रतिवेदन कतिपयमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको पाइन्छ ।जसले गर्दा उक्त योजनाको कुन कर्मचारीद्वारा लागत अनुमान तयार गरियो यकीन नहुने हुनाले नाम पद र मिति खुल्नेगरी लागत अनुमान तयार गर्नुपर्छ ।<br>➢ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको |

आ.ले.प
शाखा प्रमुख

| | |
|---|---|
| | लागी लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले फर्निचर, मेसिनरी औजार तथा कार्यालय सामानहरु खरिद गर्दा लागत अनुमान अनिवार्य तयार गर्नेतर्फ ध्यान दिनुपर्छ । |
| ३ | **खरिद कार्यको जिम्मेवारी र खरिद विधि सम्वन्धी व्यवस्थाः** सार्वजानिक खरिद ऐन, २०६३ को परिच्छेद २ बमोजिम सार्वजानिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि त्यस सम्वन्धी स्पेशिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्दछ । उपदफा (१) बमोजिम विवरण तयार गर्दा त्यस्ता मालसामान, निर्माण कार्य वा सेवाको सम्बद्ध वस्तुगत प्राविधिक गुणस्तरजन्य विशेषता र कामको आधारमा गर्नुपर्दछ । पालिकाले मालसामान,निर्माण कार्य वा सेवाको विशेषताको स्पष्ट रुपमा बुझिने गरी कुनै खास ब्राण्ड, ट्रेडमार्क, नाम, पेटेन्ट, डिजाइन, प्रकार, र उत्पादकको नाम उल्लेख हुनुपर्छ । आर्थिक पारदर्शिता र गुणस्तरिय सेवाको उपभोगको निम्ती पालिकाले यो विषयमा ध्यान दिई सोही बमोजिम गर्नुपर्ने देखिन्छ । |
| ४ | **खरिद कार्यको मुल्यमा समानताः** पुतलीबजार नगरपालिका र पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रयोग गर्ने मालसामानहरुको विलमा एकरुपता कायम हुनुपर्छ । एउटै स्पेशिफिकेशन भएका मालसामानहरुको मुल्यमा फरक हुनुहुदैन । पालिकाले खर्चको मितिव्ययीता अपनाई नियमित कार्यसम्पादनमा प्रयोग गरिने सामाग्रीहरुको मुल्यमा एकरुपता कायम गर्नुपर्ने देखिन्छ । |
| ५ | **उपभोक्ता समितिः** सार्वजानिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिवाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर,मेसिनहरु प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिहरुले माटो खन्ने पुर्ने कार्यसँग सम्वन्धित खेलमैदान निर्माण, सडकको ट्र्याक खोल्ने, नयाँ निर्माण र विस्तार गर्ने एंव मर्मत संभार गर्ने लगायतका सबै योजनामा डोजर, एक्साभेटर जस्ता भारी उपकरणको प्रयोग भएको पाइन्छ ।यसलाई पालिकाले घटाउदै लैजानेतर्फ ध्यान दिनुपर्छ । |
| ६ | **आर्थिक सहायताः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको संचितकोष बाट आर्थिक सहायता चन्दा, अनुदान जस्ता विषयवस्तुमा पालिकाले कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता शिर्षकबाट खर्च दिने प्रचलन रहेकोमा कानुन बमोजिम उक्त व्यवस्था रहेको पाईदैन । पालिकाले आर्थिक सहायताको विषयलाई कार्यविधि बनाई खर्च गर्ने तथा वितरणमुखी कार्यक्रमलाई घटाउदै लैजानेतर्फ ध्यान दिनुपर्छ। |
| ७ | **ईन्धन र सवारी साधनः** गण्डकी प्रदेश सरकार खर्चको मापदण्ड २०७९ बमोजिम ईन्धन उपलब्ध गराउँदा अनिवार्य सवारी लगबुक भर्नुपर्ने कुरा उल्लेख छ । कार्यलयमा प्रयोग गरिने सम्पुर्ण सरकारी साधनहरुको दुरी सहितको विवरण र प्रयोग स्पष्ट देखिने गरी सवारी म.ले.प.फा. नं.-९०५ बमोजिमको सवारी साधन र मेसिन प्रयोगको लगबुक भर्नुपर्ने देखिन्छ । |

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

आ.ले.प.
शाखा प्रमुख

| | |
|---|---|
| ८ | **सार्वजनिक सम्पत्तीको उपभोग सम्झौताः** सार्वजनिक सम्पत्तिको उप[illegible]र्पित निश्चित समयावधी तोकेर दुबै पक्षविच सझौतापत्र तयार गरी कार्यान्वयन गरिन्छ । तर कार्यालयले उक्त सम्झौतामा एकरुपता कायम गरेको देखिएन । समयावधी १ वर्ष, २ वर्ष, ३ वर्ष , ५ वर्ष र १० वर्षको सम्झौता गरेर कार्यान्वयन गरेको पाइयो । यसरी कार्यालयले सम्झौता अवधीलाई ध्यान दिई प्रतिस्पर्धा गराएर शुल्क लगाउनेतर्फ ध्यान दिनुपर्छ । |

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आ.ले.प.
शाखा प्रमुख

**लेखापरिक्षण गरिएका श्रेस्ताहरुः**

-बजेट उपशिर्षक नं.

-गोश्वारा भौचर

-बैंक नगदी किताब

-बजेट सिट

-पेश्की खाता

-खर्चको फाँटवारी

-सार्वजानिक निर्माणतर्फ मूल्याङकन समितिको निर्णय तथा प्रतिवेदन

- ठेक्का सम्वन्धी विवरण तथा लगत

- बैंक जमानत अभिलेख खाता

-नापि किताब, ठेक्का सम्वन्धी बिल र कार्यसम्पन्न प्रतिवेदन

- राजश्वतर्फ नगदी रसिद र अन्य सम्वन्धित म.ले.प.फारम

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

- धरौटीतर्फ गोश्वारा धरौटी खाता

- कार्यसंचालन कोषको विवरण

-जिन्सी श्रेस्तातर्फ माग फाराम, खरिद आदेश, दाखिला प्रतिवेदन र खर्च भएर जाने तथा नजाने जिन्सी रजिष्टर

लेखापरिक्षण गर्ने:

दस्तखत:

नाम: नेत्र नारायण अधिकारी

पद: आन्तरिक लेखापरिक्षक

आ.ले.प. शाखा प्रमुख